# सायल गाउँपालिकाका उपाध्यक्ष

श्री निर्मला वोहरा ओलीद्वारा प्रस्तुत गरिएको

## आर्थिक वर्ष २०८२/०८३ को बजेट वक्तव्य

सायल गाउँपालिका

दुदिलेगडा ५, डोटी

२०८२ साल असार १० गते

**१७ औं गाउँ सभाका सभा अध्यक्ष महोदय,**

**गाउँसभाका सदस्य ज्यू,हरु**

**सभाका सदस्य सचिव ज्यू र पत्रकार मित्रहरु**

१. आज यस सायल गउँपालिकाको १७ औं गाउँ सभाको सन्दर्भमा आर्थिक वर्ष २०८२।०८३ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा गर्वको अनुभूति गरेकी छु ।

२. यस अवसरमा राजतन्त्रको अन्त्य र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाका लागि भएका आन्दोलनहरूमा जीवन उत्सर्ग गर्नुहुने वीर शहीदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । ती आन्दोलनमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने आदरणीय जनप्रतिनिधिज्यूहरु र आ-आफ्नो ठाउँबाट योगदान गर्नुहुने दिदीबहिनी तथा दाजुभाइहरूप्रति हार्दिक सम्मान व्यक्त गर्दछु ।

३. **"समृद्ध गाउँपालिका, सुखी गाउँवासी"** भन्ने मुल अवधारणा अनुरुप सायल गाउँपालिकालाई समृद्ध तुल्याउदै स्थानीय स्तरमा तथा राष्ट्रिय रुपमा आर्थिक विकासमा महत्त्वपूर्ण योगदान दिनु आजको आवश्यकता रहेको छ ।

४. तर, आर्थिक स्रोतको अभाव, भौगोलिक विकटता, सोचे अनुरुप विकास निर्माणका कार्य संचालन गर्न नसकिनु, संघ प्रदेश संग सहकार्य र समन्वयको अभाव जस्ता विविध अवरोधहरुका बाबजुद सायल दिगो विकासका लागि निर्वाचित सरकारले यथा सम्भव प्रयास जारि राखेको छ ।

५. आफुसंग भएको स्रोत, साधनहरुको र दक्षताको उचित तथा गुणस्तरीय रुपमा परिचालन गर्दै, दिगो रुपमा विकास निर्माणका कार्यहरु संचालन गर्दै भौतिक विकास मात्र नभई सायल बासी आम जनसमुदायको सामाजिक चेतनाको विकास गर्दै सीपमूलक तथा रोजगारीमुलक आयोजनाहरु संचालन गरी आर्थिक वृद्धि मार्फत समग्र आथिक विकास प्राप्ति गर्ने लक्ष्य सायल गाउँपालिकाले लिएको छ ।

६. उपयुक्त नीति र राजनीतिक स्थिरताका साथ अघि बढ्न सक्दा देशलाई विकास, समृद्धि र सामाजिक न्यायको मार्गमा अघि बढाउन सकिन्छ भन्ने हाम्रो आफ्नै अनुभवले बताएको छ ।

७. यस सम्मानित सभामा प्रस्तुत गर्ने बजेट तर्जुमा गर्दा नेपालको संविधान, नेपाल सरकार, प्रदेश सरकार र सायल गाउँपालिकाका सम्बन्धित कानूनहरु सोह्रो पञ्च वर्षिय योजना दिगो विकासका लक्ष्य गाउँपालिकाको नीति तथा कार्यक्रम सरोकारवालाहरुको प्रत्यक्ष र अप्रत्यक्ष सुझावहरु र विज्ञहरुको निर्देशनलाई समेत आधार बनायका छौ ।

८. बार्षिक नीति तथा कार्यक्रम २०८२।०८३ तयार गर्न अहोरात्र खटीने जनप्रतिनिधि साथीहरु र सम्पूर्ण कर्मचारी टिम प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

**सभा अध्यक्ष तथा सदस्य ज्यूहरु,**

९. अब म आ.व. २०८२।०८३ को बजेटका उद्देश्य तथा प्राथमिकताहरु प्रस्तुत गर्न अनुमति चाहान्छु ।

क) शिक्षा स्वास्थ्य खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्द्धन, लैङ्गिक समानता तथा समाजिक समावेशिकरणको विकास मार्फत सामाजिक विकास गर्ने ।

ख) स्थानीय स्रोत, साधन र सीपको उपयोग गरी स्थानीय स्तरमा विकास गर्ने ।

ग) कृषि क्षेत्रको आधुनिकिकरण, व्यवसायीकरणको माध्यमद्वारा समृद्धि हासिल गर्ने ।

घ) स्थानीय कला, संस्कृतिको संरक्षण, पर्यटनको प्रवर्द्धन गर्ने ।

ङ) सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय, पारदर्शी, उत्तरदायी र सर्वसुलभ बनाई आम नागरिकको सन्तुष्टि अभिवृद्धि तथा सेवाको पँहुचमा वृद्धि गर्ने ।

**सभा अध्यक्ष महोदय,**

१०. सायल गाउँपालिकाको हालको अवस्था तथा गत आर्थिक वर्षको प्रगति समिक्षा निम्नानुसार रहेको छ ।

क) सायल गाउँपालिका डोटी जिल्लामा अवस्थित रहेको छ । वि.सं. २०७२ सालमा जारी भएको नेपालको संविधान अनुरुप ७५३ स्थानीय तह लागु गरे पछि डोटी जिल्लामा साविकका छपाली, तोलेनी, डौड र खातिवडा गा.वि.स. मिलाएर सायल गाउँपालिका बनेको हो । सायल गाउँपालिकाको कूल क्षेत्रफल १२२.७२ वर्गकिलोमिटर रहेको छ । यो गाउँपालिका ६ वडामा विभाजन गरिएको छ । २०७८ सालको जनगणना अनुसार यो गाउँपालिकाको कूल जनसङ्ख्या २०,४५६ रहेको छ । यो गाउँपालिकाको सिमाना पूर्वमा खप्तड राष्ट्रिय निकुञ्ज , पश्चिममा आदर्श गाउँपालिका, उत्तरमा बझाङ जिल्ला तथा दक्षिणमा दिपायल सिलगढी नगरपालिका र पूर्वीचौकी गाउँपालिका सम्म फैलिएको छ ।

ख) यस गाउँपालिकामा ६ वटा वडा रहेका छन् । डौडमा दश शैयाको अस्पताल भवन निर्माणाधिन अवस्थामा रहेको छ । यस गाउँपालिका भित्र ३ वटा स्वास्थ्य चौकी ३ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र र २ वटा सामुदायिक स्वास्थ्य इकाई केन्द्र रहेका छन् । कृषि तथा पशु सेवा केन्द्र १ वटा, आयुर्वेद सेवा केन्द्र १ वटा, १ वटा प्रहरी चौकी, १ वटा अस्थायी प्रहरी चौकी, २ वटा संस्थागत विद्यालय, २९ वटा सामुदायिक विद्यालय लगाएतका सरकारी कार्यालयहरु रहेका छन् ।

ग) चालु आ व २०८१।०८२ मा ३६,८०,४४,०००।- (अक्षरुपी छत्तिस करोड असि लाख चौवालिस हजार रुपैया मात्र) विनियोजन गरिएकोमा हाल सम्म जम्मा ६३.६६% खर्च भएको छ । जसमा चालु तर्फ ६८.०६% र पुँजिगत तर्फ ५०.६२% खर्च प्रगति रहेको छ ।

घ) क्षेत्र गत हिसाबमा हालसम्ममा शिक्षा तर्फ ५८.६%, स्वास्थ्य तर्फ ७९.०३%, कृषि तर्फ ८४.०१%, पशु शाखा तर्फ ८०.७५%, लक्षित वर्ग तर्फ ४८.८६%, आयुर्वेद तर्फ ७५.८७%, सूचना प्रविधिमा ७३.४४% बजेट खर्च भैसकेको छ ।

**आदरणिय सभा अध्यक्ष ज्यू**

अव म चालु आ.व. २०८२।०८३ को बजेट तथा कार्यक्रमको संक्षिप्त विवरण पेश गर्न अनुमति चाहन्छु ।

**आयतर्फको विवरण**

११. आ.ब. २०८२।०८३ का लागि जम्मा ३८,४४,०८,८७६ (अक्षरुपी अठ्तिस करोड चौवालिस लाख आठ हजार आठ सय छहत्तर रुपैया) बराबरको बजेट विनियोजन गरेको छु ।

१२. जसमध्ये आन्तरिक आम्दानी ५०,००,०००(अक्षरुपी पैतिस लाख मात्र) अनुमान गरेको छु ।

१३. आम्दानीका अन्य शिर्षकमा संघीय राजश्व बाँडफाँड अनुदान ९,१३,८२,८७६ (अक्षरुपी नौ करोड तेह्र लाख बयासी हजार आठ सय छहत्तर रुपैया मात्र) र संघीय सरकारबाट वित्तिय समानिकरण अनुदान ८,४७,००,०००(आठ करोड सत्तचालिस लाख रुपैया मात्र) संघीय सरकार सशर्त अनुदान चालु तर्फ १५,४८,००,०००(अक्षरुपी पन्ध्र करोड अठ्चालिस लाख रुपैया मात्र), संघीय सरकार सशर्त अनुदान पूँजीगत तर्फ १०,००,०००(अक्षरुपी दश लाख रुपैया मात्र), संघीय समपुरक अनुदान तर्फ ९०,००,०००( अक्षरुपी नब्बे लाख रुपैया मात्र), संघीय विशेष अनुदान तर्फ १,१५,००,०००( एक करोड पन्ध्र लाख रुपैया मात्र) प्रप्त भएको छ ।

१४. सुदूरपश्चिम प्रदेश सरकारका तर्फबाट राजश्व बाँडफाँड तर्फ २७,८९,०००(अक्षरुपी सत्ताइस लाख उनानब्बे हजार रुपैया मात्र), वित्तिय समानिकरण अनुदान तर्फ ७२,३७,०००(अक्षरुपी बहत्तर लाख सैतिस हजार रुपैया मात्र), समपुरक अनुदान ९०,००,००० ( अक्षरुपी नब्बे लाख रुपैया मात्र), विशेष अनुदान ८०,००,०००(अक्षरुपी असि लाख रुपैया मात्र) प्राप्त भएको छ ।

**सभा अध्यक्ष ज्यू,**

अब म आगामि आ.ब. २०८२।०८३ मा हुने व्यय तर्फको संक्षिप्त विवरण पेश गर्न अनुमति चाहन्छु ।

१५. गाउँपालिकाको जम्मा बजेट ३८,४४,०८,८७६ (अक्षरुपी अठ्तिस करोड चौवालिस लाख आठ हजार आठ सय छहत्तर रुपैया) विनियोजन गरेको छु । जस मध्ये चालु खर्च तर्फ २९,४०,०८,८७६।- (अक्षरुपी उनन्तिस करोड चालिस लाख आठ हजार आठ सय छहत्तर मात्र) र पुँजिगत खर्च तर्फ ९,०४,००,०००।-(अक्षरुपी नौ करोड चार लाख रुपैया मात्र) विनियोजन गरेको छु ।

१६. वडागत खर्च तर्फ २,०४,००,०००।-(अक्षरुपी दुई करोड चार लाख रुपैया मात्र)विनियोजन गरेको छु जसमध्ये चालु खर्च तर्फ ५४,००,००।-(अक्षरुपी चौवन्न लाख रुपैया मात्र) र पुँजिगत खर्च तर्फ १,५०,००,०००।- (अक्षरुपी एक करोड पचास लाख रुपैया मात्र) रहेको छ ।

**सभा अध्यक्ष महोदय,**

आगामी आ व २०८२।०८३ का प्रमुख विषय क्षेत्रगत कार्यक्रमहरु तथा व्ययको अनुमान निम्नानुसार रहेको छ ।

१. <u>आर्थिक विकास</u>

क. कृषि क्षेत्रमा उत्पादनमा आधारित अनुदान कार्यक्रमलाई निरन्तरता गर्नका लागि रु ५,००,०००(अक्षरुपी पाँच लाख रुपैया मात्र ) विनियोजन गरेको छु ।

क. कृषि प्रवर्द्धन कार्यक्रमका लागि प्रदेश विशेष अनुदान अन्तर्गत रु २५,००,०००(अक्षरुपी पच्चीस लाख रुपैया मात्र) प्राप्त भएको छ ।

ख. समग्र कृषि क्षेत्रको विकासका लागि रु १२,००,०००।-(अक्षरुपी बाह्र लाख मात्र) विनियोजन गरेको छु ।

ख. पशुपन्छीहरुमा रोग लाग्न नदिनका लागि व्यापक रुपमा खोप कर्यक्रमहरुलाई निरन्तरता दिनुका साथै निःशुल्क पशु स्वास्थ्य शिविर संचालन गर्नका लागि रु ३,००,०००(अक्षरुपी तिन लाख रुपैया मात्र) र औषधि वितरणका लागि ७,००,०००(अक्षरुपी सात लाख रुपैया मात्र) विनियोजन गरेको छु ।

ग. रोजगारमुलक आयोजनाहरु छनौट गरी रोजगारी सृजना गर्नका लागि १२,००,०००(अक्षरुपी बाह्र लाख रुपैया मात्र) विनियोजन गरेको छु ।

घ. सुनौला हजार दिन भित्रका आमा तथा नवजात शिशुहरुको पोषण अवस्थालाई सुधार गर्नका लागि पोषण कार्यक्रम संचालन गर्नका लागि रु ४,००,०००(अक्षरुपी चार लाख रुपैया मात्र) विनियोजन गरेको छु ।

ङ. सहकारी क्षेत्रलाई नियमन तथा प्रवर्द्धन गर्न सहज हुने उदेश्यका साथ COPOMIS प्रणालिमा आबद्धताका गराउनका लागि रु ३,००,०००।-( अक्षरुपी तिन लाख रुपैया मात्र) विनियोजन गरेको छु ।

२. <u>सामाजिक विकास</u>

ग. लक्षित वर्ग दलित समुदाय पिछडिएका वगर्को उत्थान तथा विकासका लागि विभिन्न कार्यक्रमहरु संचालन गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

घ. महिला बालबालिका तथा जेष्ठ नागरिक सम्बन्धि कार्यक्रमहरु संचालन गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

ङ. भूमिहिन सुकुम्बासी, भुमिहिन दलित तथा अव्यवस्थित बसोबासिहरुलाई व्यवस्थापनका लागि कार्यक्रम संचालन गर्नका लागि २,००,०००(अक्षरुपी दुई लाख मात्र) विनियोजन गरेको छु ।

च. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन गर्नका लागि संघीय सशर्त अनुदान मार्फत रु १०,००,०००(अक्षरुपी दश लाख रुपैया मात्र) विनियोजन भएको छ ।

छ. वर्थिङ्ग सेन्टर उपकरण जडानका लागि प्रदेश विशेष अनुदान अन्तर्गत रु २५,००,०००(अक्षरुपी पच्चीस लाख रुपैया मात्र) प्राप्त भएको छ ।

ज. विद्यालयको शैक्षिक रुपान्तरणका लागि प्रदेश विशेष अनुदान अन्तर्गत रु ३०,००,०००(अक्षरुपी तिस लाख रुपैया मात्र) प्राप्त भएको छ ।

झ. बरोजगार सूचिकृत व्यक्तिहरुलाई न्युनतम रोगजारीको सुनिश्चितताका लागि रु १२,००,०००।- विनियोजन गरेको छु ।

ञ. शैक्षिक सुशासन, परिक्षा मूल्याङ्कन, शिक्षक मोनिटरिङ्ग तथा सुपरिवेक्षणका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

ट. गाउँपालिका स्तरीय सबै तहका शिक्षक सहजकर्ताहरुको तलब वृद्धिका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

## ३. पूर्वाधार विकास

क. विभिन्न सरकारी कार्यालयको रंगरोगन तथा सौन्दर्यकरणका लागि ३,००,०००(अक्षरुपी तीन लाख रुपैया मात्र) विनियोजन गरेको छु ।

ख. साइलि गाड पुल निर्माण कार्यका लागि संघीय समपुरक अनुदान बाट ९०,००,०००।-(अक्षरुपी नब्बे लाख रुपैया मात्र) र गाउँपालिकाबाट २०,००,०००।-(अक्षरुपी बीस लाख रुपैया मात्र) गरी जम्मा १,१०,००,०००।- (अक्षरुपी एक करोड दश लाख रुपैया मात्र) विनियोजन भएको छ ।

ग. सामुदायिक विद्यालयहरुमा शौचालय निर्माण तथा मर्मतका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

## ४. वन, वातावरण तथा विपद् व्यवस्थपान क्षेत्र

क. विपद् जोखिम तथा विपद् व्यवस्थापनको लागि विपद् व्यवस्थापन कोषकव व्यवस्था गरेको छु । यसको लागि स्थानीय विपद् व्यवस्थापन कोषमा रु १०,००, ०००।- (अक्षरुपी दश लाख रुपैया मात्र) विनियोजन गरेको छु ।

ख. हरियाली प्रवर्द्धन कार्यक्रमको लागि वृक्षारोपण गर्न रु ३,००,०००।- (अक्षरुपी तीन लाख मात्र) विनियोजन गरेको छु ।

ग. LEOC स्थापना र संचालनका लागि रु ३,००,०००।- (अक्षरुपी तीन लाख मात्र) विनियोजन गरेको छु ।

## ५. संस्थागत विकास तथा सुशासन क्षेत्र

क. सार्वजनिक सेवा प्रवाहलाई थप व्यवस्थित बनाई छिटो छरितो सेवा प्रवाह संगै सुशासन कायम गर्न विभिन्न तालिम, गोष्ठी, अभिमुखिकरण कार्यक्रमको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

ख. पूर्ण डिजिटल सायल गाउँपालिका निर्माणका लागि रु ७,००,०००।- (अक्षरुपी सात लाख रुपैया मात्र) विनियोजन गरेको छु ।

ग. सरकारी कार्यालयमा विद्युतिय हाजिरी व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

घ. कर्मचारीहरुको न्युनतम परिश्रमिकको सुनिश्चितताका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

ङ. आम नागरिकहरुको न्यायिक ज्ञानमा अभिवृद्धि तथा न्यायमा पँहुच पुर्याउने उदेश्यका साथ कानुनी सचेतनाका कार्यक्रम संचलान गर्नका निमित्त आवश्यक रकम विनियोजन गरेको छु ।

<u>सभा अध्यक्ष तथा सदस्य ज्युहरु</u>

माथी विनियोजित बजेट अन्तर्गत बस्ती, वडा तथा विषयगत र एकीकृत हुदै प्राथमिकतामा परेका योजनाहरुको सफल कार्यान्वयनका लागि डिजाईन स्टिमेट, विस्तृत परियोजना प्रतिवेदनका आधारमा यहाँहरु सबैको रचनात्मक सुझाव, कार्यपालिकाको पूर्ण बैठकबाट पारदर्शी र सबै वडा वस्तीमा सन्तुलित रुपमा बजेट खर्च गर्न आवश्यक कार्यविधि, नीति नियमहरु निर्माण गरि कार्यान्वयन गर्ने व्यवस्था गर्नेछु ।

अन्त्यमा, प्रस्तावित बजेट योजना तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा सुझाव प्रदान गरी सहयोग गर्नुहुने सम्पुर्ण बौद्धिक वर्ग, विषयगत समितिका सदस्य ज्युहरु, कार्यपालिकाका सदस्य ज्युहरु,वडापालिकाका सदस्यज्यूहरु तथा सम्पूर्ण सायलबासीहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । कार्यक्रमको सफल कार्यान्वयनमा स्थानीय समुदायको ठूलो भूमिका हुने भएकाले स्थानीय समुदायले अपनत्व ग्रहण गरी यसको कार्यान्वयनमा सहयोग पुऱ्याउने अपेक्षा गरेको छु । प्रस्तावित कार्यक्रमबाट गाउँपालिकाले प्रदान गर्ने सेवा प्रवाहमा गुणात्मक सुधार आई सुशासन बृद्धिमा सहयोग पुग्ने विश्वास लिएको छु ।

आर्थिक वर्ष ०८२।०८३ को बजेट तर्जुमा गर्दा मार्गदर्शन गर्नुहुने सभा अध्यक्ष, सभा सदस्य र राजनिति दलका नेतृत्वप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । बजेटका सम्बन्धमा राजनितिक दल, निजि क्षेत्र, विकास साझेदार, विभिन्न क्षेत्रका विज्ञ, सञ्चारजगत, राष्ट्रसेवक कर्मचारी र नागरिक समाज लगायत सुझाव दिनुहुने सबै प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । प्रस्तुत बजेटको कार्यान्वयनमा सम्बन्धित सबैबाट रचनात्मक सहयोग प्राप्त हुने अपेक्षा गरेकी छु ।

धन्यवाद ।
निर्मला बोहरा (ओली)
सायल गाउँपालिका, डोटी
२०८२ असार १० गते

## अनुसूची १

## आगामी आर्थिक वर्ष ०८२।०८३ को आय तथा व्ययको विवरण

**आय तर्फ**

| क्र. श. | वजेट शिर्षक | रकमा(अंकमा) | रकम (अक्षरमा) |
|---|---|---|---|
| १ | संघिय सरकारवाट प्राप्त वित्तिय समानिकरण अनुदान | ८४७००००० ।- | आँठ करोड सत्तचालिस लाख मात्र |
| २ | संघिय सरकारवाट सशर्त अनुदान चालु | १५४८००००० ।- | पन्ध्र करोड अठ्चालिस लाख मात्र |
| ३ | संघिय सरकारवाट सशर्त अनुदान पुँजिगत | १०००००० ।- | दश लाख |
| ४ | संघिय सरकारको राजश्व वाँडफाँड अनुदान | ९१३८२८७६ ।- | नौ करोड तेह्र लाख बयासी हजार आठ सय छहत्तर |
| ५ | संघिय समपुरक अनुदान | ९०००००० ।- | नब्बे लाख मात्र |
| ६ | संघिय विशेष अनुदान पुँजिगत | ११५००००० ।- | एक करोड पन्ध्र लाख रुपैया मात्र |
| ७ | प्रदेश सरकारवाट वित्तिय समानिकरण अनुदान | ७२३७००० ।- | बहत्तर लाख सैतिस हजार मात्र |
| ८ | प्रदेश सरकारवाट राजस्व वाँडफाँड वाफत प्राप्त अनुदान | २७८९००० ।- | सत्ताइस लाख उनानब्बे हजार मात्र |
| ९ | प्रदेश समपुरक अनुदान | ९०००००० ।- | नब्बे लाख मात्र |
| १० | प्रदेश विशेष अनुदान | ८०००००० ।- | असी लाख मात्र |
| ११ | प्रदेश सशर्त अनुदान चालु | ० | |
| १२ | प्रदेश सशर्त अनुदान पुँजिगत | ० | |
| १३ | आन्तरिक आम्दानी अनुमान | ५०००००० ।- | पचास लाख |
| १४ | कोष मौज्दात | ० ।- | |

| | |
|---|---|
| जम्मा | **३८४४०८८७६।–(अठ्तिस करोड चौवालिस लाख आठ हजार आठ सय छहत्तर मात्र)** |

## अनुसूची २

## व्यय तर्फ को विस्तृत बजेट विनियोजन

| क स | बजेट शर्षक | जम्मा विनियोजित रकम अंक र अक्षरमा |
|---|---|---|
| १ | कृषि विकास तर्फ | १२०००००।- (बाह्र लाख रुपैया मात्र) |
| २ | पशु सेवा विकास तर्फ | १२०००००।- (बाह्र लाख रुपैया मात्र) |
| ३ | स्वास्थ्य तर्फ | ३५०००००।- (पैतिस लाख रुपैया मात्र) |
| ४ | शैक्षिक विकास कार्यक्रम तर्फ | २३५५८८७६।-(दुइ करोड पैतिस लाख अन्ठाउन्न हजार आठ सय छयहत्तर रुपैया मात्र) |
| ५ | कला संस्कृति कार्यक्रम | ३००००० (तीन लाख मात्र ) |
| ६ | आयुर्वेद सेवा कार्यक्रम तर्फ | १२०००००।- (बाह्र लाख रुपैया मात्र) |
| ७ | वन तथा वातावरण तर्फ | ७०००००।- (सात लाख रुपैया मात्र) |
| ८ | गाउँपालिका पुँजिगत | २७०१००००।-(दुई करोड सत्तरी लाख दश हजार रुपैया मात्र) |
| ९ | गाउँपालिका चालु | १०१९४००००।-(दश करोड उन्नाईस लाख चालीस रुपैया मात्र) |
| ११ | वडा पुँजितग | १५००००००।-(एक करोड पचास लाख रुपैया मात्र) |
| १२ | वडा चालु | ५४०००००।-(चौवन्न लाख रुपैया मात्र) |
| १३ | सूचना प्रविधि तथा सञ्चार तर्फ | ७०००००।-(सात लाख रुपैया मात्र) |
| १४ | महिला वालवालिका लक्षित वर्ग, दलित र कला संस्कृति तथा | ३२०००००।-(बत्तीस लाख रुपैया मात्र) |
| १५ | पञ्जिकरण तथा सामाजिक सुरक्षा | २५००००।- (दुई लाख पचास हजार रुपैया मात्र)) |
| १६ | राजस्व शाखा | २५००००।- (दुई लाख पचास हजार रुपैया मात्र) |
| १७ | नेपाल सरकारबाट शसर्त अनुदान चालु | १५४८०००००।- (पन्ध्र करोड अठ्चालिस लाख रुपैया मात्र) |

| | | |
|---|---|---|
| १८ | संघिय सरकारवाट सशर्त अनुदान पुँजिगत | १०००००००।-(दश लाख रुपैया मात्र) |
| १९ | नेपाल सरकारबाट समपुरक अनुदान | ९०००००००।-(नब्बे लाख रुपैया मात्र) |
| २० | संघिय विशेष अनुदान पुजिगत | ११५०००००।-(एक करोड पन्द्र लाख रुपैया मात्र) |
| २१ | प्रदेश विशेष अनुदान | ८०००००००।-(असी लाख रुपैया मात्र) |
| २२ | प्रदेश समपुरक अनुदान | ९०००००००।-(नब्बे लाख रुपैया मात्र) |
| २३ | प्रदेश सशर्त अनुदान चालु | ० |
| २४ | प्रदेश सशर्त अनुदान पुँजिगत | ० |
| २५ | योजना तथा अनुगमन शाखा | ५०००००।-(पाँच लाख रुपैया मात्र) |
| २६ | न्यायिक समिति | ३०००००।-(तीन लाख रुपैया मात्र) |
| २८ | युवा तथा खेलकुद | ५०००००।-(पाच लाख रुपैया मात्र) |
| २९ | रोजगार शाखा | १२०००००।-(बाह्र लाख रुपैया मात्र) |
| ३० | पोषण शाखा | ४०००००।-(चार लाख रुपैया मात्र) |
| ३१ | गत आवको दायित्व | ४००००००।-(चालिस लाख रुपैया मात्र) |
| ३२ | विपद व्यवस्थापन | १००००००।-(दश लाख रुपैया मात्र) |
| ३३ | सुशासन तथा संस्थागत क्षमता विकास | ८०००००।-(आठ लाख रुपैया मात्र) |
| ३४ | खानेपानी सरसफाइ स्वच्छता विकास | ५०००००।-(पाँच लाख रुपैया मात्र) |
| ३५ | सहकारी प्रवर्दन | ३०००००।-(तिन लाख रुपैया मात्र) |
| **जम्मा वजेट** | | **३८४४०८८७६।–(अठ्तिस करोड चौवालिस लाख आठ हजार आठ सय छहत्तर मात्र)** |